कार्यपालिकाको एकतीसौं बैठक / स्थान :–अध्यक्ष ज्युको कार्यकक्ष

मिति :– २०८० साल श्रावण महिनाको २२ गते सोमवार

अध्यक्षता :– श्रीमान् वेग प्रसाद गर्वुजा, गाउँपालिका अध्यक्ष

उपस्थिति :–

१. श्री वेग प्रसाद गर्वुजा – अध्यक्ष
२. श्री लक्ष्मी देवि घर्ति मगर पुन – उपाध्यक्ष
३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १
४. श्री उदय कुमार वुडाथोकी – वडा अध्यक्ष वडा नं. २
५. श्री मोति प्रसाद वुढा– वडा अध्यक्ष वडा नं. ३
६. श्री भजेन्द्रमान पुन – वडा अध्यक्ष वडा नं. ४
७. श्री नविन घर्ति पुन – का.वा.वडा अध्यक्ष वडा नं. ५
८. श्री पथ वहादुर रोका – वडा अध्यक्ष वडा नं. ६
९. श्री टक वहादुर पुन – वडा अध्यक्ष वडा नं. ७
१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य
११. श्री प्रतिक्षा विक – कार्यपालिका सदस्य
१२. श्री देवी पटेल – कार्यपालिका सदस्य
१३. श्री छरदेवी घर्ती – कार्यपालिका सदस्य
१४ श्री दल वहादुर खडकाथोकी – कार्यपालिका सदस्य
१५. श्री अनुप गौचन – कार्यपालिका सदस्य
१६. श्री चूर्ण वहादुर कार्की – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :–

१. श्री मनिप शर्मा अधिकारी प्रशासन तथा आलेप शाखा

वेग प्रसाद गर्वुजा
अध्यक्ष

Scanned with CamScanner

निर्णयहरु :-

**निर्णय नं. १**

आर्थिक वर्ष २०७९/०८० को वार्षिक तथा अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई आज मिति २०८० श्रावण २२ गते हुन गई रहेकोले गाउँकार्यपालिकाको तर्फबाट व्यवस्थीत रुपमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

गालिका गाउँपालिकाको प्रशासकीय भवनको जग्गा प्राप्त गर्ने कुराको निर्णय गर्न र प्रारम्भिक कारबाई चलाउनको लागि जग्गा प्राप्ती ऐन, २०३४ को दफा ५(१) अनुसार प्रमुख प्रशासकीय अधिकृत श्री चूर्ण वहादुर कार्कीलाई जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारबाई चलाउने अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गालिका गाउँपालिका भित्र रहेका ५(पाँच) स्थानको ६(छ) वटा बगरहरु खारा, पतेनी, तोलावाङ माथिल्लो, तोलावाङ तल्लो, निस्कोट सिरेडी र रानीबासको प्रारम्भिक वातवरणीय अध्ययन (IEE) को स्वीकृत भएको मितिले २(दुई) वर्ष वैधानिक अवधि रहेको र मिति २०७८ साल असौजमा स्वीकृत भएकोले सो मितिमा प्रारम्भिक वातवरणीय अध्ययन (IEE)को अवधि समाप्त हुने भएकोले पुनः प्रारम्भिक वातवरणीय अध्ययन (IEE) का लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

गालिका गाउँपालिका वडा नं. १ र वडा नं. ७ को वडा कार्यालय भवनको लागि चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेस भएको तथा आफ्नो जग्गा नभएकोले निःशुल्क जग्गा प्राप्तीको लागि सूचना प्रकाशित गरेकोमा निःशुल्क जग्गा प्राप्तीको लागि निवेदन प्राप्त नभएकोले सशुल्क जग्गा प्राप्तीको लागि प्रक्रिया अगाडी बढाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

गालिका गाउँपालिका वडा नं. ६ मा रहेको दरवाङ आधारभुत अस्पतालमा गाउँपालिकाबाट तलब पाने गरि ६(छ) महिनाको लागि सहायक स्तर ~~चौथो~~ पान्चौं तहका एक जना ल्याव टेक्निसियन र एक जना फार्मेसि गरि दुई जना कर्मचारीहरु करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष